
# कोशी प्रदेश सरकार
# आन्तरिक मामिला तथा कानून मन्त्रालय
## विराटनगर, नेपाल

## उच्च सतर्कताका लागि अनुरोध

नेपाल सरकार, नेपाल मौसम विज्ञान विभागद्वारा मिति २०८३ असोज ६ गते जारी विशेष मौसमी बुलेटिन अनुसार यही असोज ९ गते शुक्रबारदेखि असोज ११ गते आइतबारसम्म कोशी प्रदेशका केही स्थानमा मेघगर्जन/ चट्याङ्ग/हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको छ।




उक्त अवधिमा भारी वर्षाका कारण नदी तथा खोलामा पानीको बहाव बढ्ने, अचानक बाढी, पहिरो, कटान, गेग्रान, बहाव तथा डुबान हुन सक्ने र सडक तथा हवाई यातायातसमेत प्रभावित हुन सक्ने जोखिम रहेको छ। तसर्थ, जोखिमयुक्त क्षेत्रका बासिन्दा तथा आम नागरिकलाई देहायबमोजिम उच्च सतर्कता अपनाउन अनुरोध गरिन्छः

- नदी तथा खोला किनार, पहिरोको जोखिम भएका भूभाग, भिरालो जमिन तथा डुबान हुन सक्ने क्षेत्रमा विशेष सावधानी अपनाउने।
- जोखिमको सङ्केत देखिएमा समयमै नजिकको सुरक्षित स्थानमा जाने र स्थानीय तह तथा सुरक्षा निकायसँग समन्वय गर्ने।
- अति आवश्यक अवस्थामा बाहेक लामो दूरी तथा रातिको समयमा यात्रा नगर्ने। यात्रा गर्नुअघि सडक तथा मौसमको अवस्थाबारे जानकारी लिने।
- बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा बिरामी व्यक्तिको सुरक्षामा विशेष ध्यान दिने।
- पशुचौपाया, खाद्यान्न, औषधि, महत्वपूर्ण कागजात तथा अन्य आवश्यक सामग्री सुरक्षित स्थानमा राख्ने।
- नेपाल मौसम विज्ञान विभाग, सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह तथा सुरक्षा निकायबाट जारी हुने आधिकारिक पूर्वानुमान, पूर्वसूचना र चेतावनीबारे नियमित जानकारी लिने तथा निर्देशनको पालना गर्ने।
- बर्षा र बाढीबारे जानकारी लिन ११५५, विपदमा मद्दत माग्न १२३४, नेपाल प्रहरी १०० र सशस्त्र प्रहरी बल नेपालको ११९४ हटलाइन नम्बर मोबाइलमा सेभ गरी राख्ने र आवश्यक पर्नासाथ फोन गर्ने।

साथै, प्रदेश सरकारका सम्बन्धित निकाय, स्थानीय तह, सुरक्षा निकाय, स्वयंसेवक तथा अन्य सरोकारवाला सबैलाई आवश्यक पूर्वतयारीसहित सतर्क अवस्थामा रहन र पूर्वसूचना/ चेतावनी अनुसार जोखिमयुक्त स्थानमा बासोबास गर्ने व्यक्ति, घरपरिवारलाई समयमै सुरक्षित स्थानमा स्थानान्तरण गर्न अनुरोध गरिन्छ।

**मितिः २०८३/०६/०७ गते, बुधबार**